'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ३२ विहिबार १० असोज, २०८१ 26 (Thursday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

# बाजुरामा दसैंतिहारमा खाद्यान्न अभाव नहुने

• नमस्ते समचारदाता
बाजुरा, असोज/०९



बाजुरा जिल्लामा विगतका वर्षमा दसैंतिहारका बेला जिल्लामा खाद्यान्नको अभाव हुँदै आएको भए पनि यो वर्ष भने दसैंतिहारमा खाद्यान्न अभाव नहुने भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बाजुरा शाखा मार्तडी र कोल्टी शाखामा माग अनुसारको खाद्यान्न भएकाले खाद्य अभाव नहुने भएको हो । कम्पनीले आइतबारबाट सहुलियत छुट मूल्यमा चामल बिक्रीवितरण गर्न सुरु गरेको छ । जिल्लामा खाद्यको माग भए अनुसार करिब चार हजार क्विन्टल मार्तडी शाखामा खाद्यान्न मौज्दात रहेको कार्यालय प्रमुख उमेश भण्डारीले बताए । उनका अनुसार पूर्वीउत्तरी भेगको बुढीनन्दा नगरपालिकाको कोल्टी शाखामा पनि दुई हजार तीन सय मौज्दात खाद्य रहेकाले दसैंतिहारमा खाद्यान्न कमी हुनेछैन । सधैंका वर्षमा खाद्य अभावका कारण जिल्लामा कतिपय सर्वसाधारणले महँगो चामल किन्ने अवस्था नहुँदा दसैं मनाउन नपाउने जनगुनासो हुने गर्थ्यो । बर्खामा बाटो बन्द हुने र ढुवानी कार्यमा समस्या हुने गरेका कारण विगतका वर्षमा खाद्यान्नको चरम अभाव हुने गरेको थियो तर यो वर्ष भने चामलको अभाव हुँदैन, उनले भने । समयमै ठेकेदारले ढुवानी नगर्ने र वर्षायाममा ढुवानी गर्ने तर बाटो बन्दका कारण कम्पनीमा चामल नआउने गरेकाले विगतमा खाद्य अभाव हुँदै आएको थियो । यस वर्ष ठेकेदारले समयमै खाद्यान्न ढुवानी गरेको र माग अनुसारको खाद्यान्न आएको उनले बताए । उनले भने, मार्तडी शाखामा चार हजार क्विन्टलमध्ये अरुवा मोटो चामल दुई हजार १०६ क्विन्टल, अरुवा सोना चामल एक हजार ६८५ क्विन्टल र जिरा मसिनो चामल २२५ क्विन्टल मौज्दात छ । कोल्टी डिपो कार्यालयमा दुई हजार तीन सय क्विन्टल चामलमध्ये अरुवा मोटो चामल एक हजार ९६९.५० क्विन्टल, सोना मन्सुली २०२ क्विन्टल र जिरा मसिनो १५१.५० क्विन्टल मौज्दात छ । जिल्लाको पूर्वीउत्तरी भेगको स्वामीकार्तिक खापर गाउँपालिकाको मुक्तिकोट र हिमाली गाउँपालिकाको कवाडीमा भने खाद्यान्न अभाव छ। गाउँपालिकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बाजुरा शाखासँगको समन्वयमा जेठ महिनामा खाद्यान्न वितरण गरेको भए पनि सो अस्थायी बिक्री केन्द्रका लागि टेन्डर प्रक्रिया नहुँदा खाद्य अभाव भएको कार्यालय प्रमुख भण्डारीले बताए। हिमाली गाउँपालिकाको कवाडीमा करिब सात महिनादेखि खाद्यान्न अभाव छ। अस्थायी बिक्री केन्द्रका लागि अहिले टेन्डर भएर ठेकेदारले खाद्यान्न ढुवानीका लागि अनुमति पाएको र ढुवानी प्रक्रियामा रहेको उनले बताए। कवाडीमा खाद्यान्न ढुवानी भएपछि सो पालिकाको बिच्छ्या र रुगिनका स्थानीय लाभान्वित हुने भएका छन्।

# बाँकेमा खसीबोकाको बिक्री मूल्य निर्धारण

• नमस्ते समचारदाता
बाँके, असोज/०९



नजिकिँदै गरेका चाडपर्वहरु लाई लक्षित गर्दै बाँकेमा खसि बोकाहरुको मुल्य निर्धारण गरिएको छ। मंगलवार नेपालगञ्जमा एक कार्यक्रमको आयोजना गर्दै बाँकेमा रहेका १७ सामाजिक उद्यमी सहकारी र ब्यापारीबिचको छलफलले खसि बोकाको मुल्य निर्धारण गरेको सामाजिक उद्यमी सहकारीहरुको साझा संस्था सेवा नेपालको अधिकृत गोपी पुडासैनीले बताए। उनका अनुसार जिउँदो खसी ३० केजीदेखि ३९.९ केजीसम्म प्रति केजी ५३०, ४० केजीदेखि ४९.५ केजीसम्म प्रति केजी ५४० र ५० केजीभन्दा माथि ५६० रुपैयाँ प्रति केजी मुल्य निर्धारण गरिएको छ। थोक व्यापारी र उद्यमी सहकारी तथा सरोकारवालाहरुको रोहवरमा यो मुल्य निर्धारण गरिएको हो। सहकारी र खसी ब्यापारीहरु बीच भएको वि दु वि बैठकमा हेफर ईन्टरनेशनल नेपालका नेपालगञ्ज कार्यालयका प्रबन्धक प्रकाश केसीले सहकारी र ब्यापारीहरुको दुवैपक्षको जित हुने तरिकाले किसानहरुका उत्पादनलाई बजारीकरण गर्न यो मुल्य निर्धारण बैठक महत्वपुर्ण रहेको औंल्याउदै हेफर नेपालले उद्यमी सहकारीहरुको मुल्य मान्यता र सिद्धान्त अनुरुप आफ्नो संस्थाले बजारीकरण तथा ढुवानीका निम्ति सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। उत्पादनमा आधारित खाद्यवस्तु, पशु चौपाया विक्रीबितरण र बजारीकरणमा विभिन्न चुनौती रहेको भएपनि आफनो संस्थाले निति निर्माण तहमा पैरवी गरिरहेको औंल्याउदै सामाजिक उद्यमी सहकारीहरुले परम्परागत ऋण तथा बचतको कार्यक्रमका अलावा आफना शेयर सदस्यहरुलाई नगदे बाली तथा पशु चौपायामा लगानी गर्नुपर्नेमा जोड दिए। कृषि उद्यममा महिलाको हात उत्पादन र वजारिकरणमा सेवाको साथ भन्ने मुल मन्त्रकासाथ बाँकेमा विभिन्न गैर सरकारी संस्थाको साझेदारीमा हेफर ईन्टरनेशनल नेपालले १७ सामाजिक उद्यमी सहकारीहरुलाई प्रर्बद्धन गर्दै पशुपालन, कृषि कर्म तथा मल विउ विजन र दुग्ध जन्य पदार्थ खरिद बिक्री र बजारीकरण गर्न प्रोत्साहन गर्दै आएको छ।

*बाँकी ३ पेजमा...*

# जुम्लामा ११ सय ६० क्वीन्टल नुन मौज्दात

• नमस्ते समचारदाता
जुम्ला, असोज/०९




साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय जुम्लामा एक हजार १६० क्विन्टल नुन मौज्दात रहेको छ। दशै तिहारका लागि शाखा कार्यालय जुम्लामा नुनको अभाव नहुने साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय जुम्लाका प्रमुख नगेन्द्र बहादुर थापाले जानकारी दिए। जुम्ला सदरमुकामस्थित खलङ्गा बजारमा रहेको साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमा पर्याप्त मात्रमा नुन रहेको छ। यहाँस्थित डिपोमा अहिले एक हजार १६० क्विन्टल नुन मौज्दात रहेको छ। असोज ६ गतेदेखी १५ गतेसम्म चन्दननाथ नगर पालिका, पातारासी गाउँपालिका, गुठिचौर गाउँपालिका, तातोपानी गाउँपालिका र तिला गाउँपालिकाका स्थानीयवासि लाई वडापालिको सिफारिसको आधारमा प्रतिघर परिवारलाई चार केजी नुन वितरण गरिएको छ। साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय जुम्लाका प्रमुख थापाले भने, सिंजाको नराकोट डिपोबाट हिमा गाउँपालिका र सिंजा गाउँपालिका र गुरुचौर डिपोबाट कनकासुन्दरी गाउँपालिकाका स्थानीयवासि लाई नुन वितरण गरिएको छ। यो आर्थिक वर्षमा जुम्ला सदरमुकामसहित तीनै डिपोका लागि चार हजार क्विन्टल नुनको कोटा रहेको छ। जिल्लामा नुनको अभावहुने छैन। यहाँका स्थानीय तहलाई वडाबाटै नुन वितरण गर्नेका लागि वडाको घरधुरीको आधारमा प्रति घरपरिवारलाई चार केजीका दरले गोदामबाट एकमुष्ट नुन दिने गरेको साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय जुम्लाका थापाको भनाइ छ। विवाह, मुत्यु र घर निर्माण कार्यको लागि दश केजी नुन उपलब्ध गराईने छ। सो नुन लिन विवाह दर्ता, मुत्यु दर्ता र घर निर्माणको लागि वनको फर्जिको सक्कल प्रतिका साथै एक प्रति फोटोकपी अनिवार्य पेश गर्नुपर्ने साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय जुम्लाले जनाएको छ। गत वर्ष असार ३१ गते कार्यालयको मुख्य डिपोबाट उपभोक्तालाई नुन वितरण भइरहेको समयमा केही व्यक्तिले भाडँभैलो गर्दै डिपोमा तोडफोड समेत भएको थियो। साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय जुम्लाले सिंजाको नराकोट डिपो, कनकासुन्दरी गाउँपालिकाको गुरुचौर डिपो र सदरमुकामस्थित खलङ्गा बजारको कार्यालयबाट नुन वितरण गर्दै आएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८७७०८५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# सुशासनमा जिम्मेवारी र जवाफदेहिता कसको ?



सञ्जीव पौडेल

एक बिहान, हामी केही साथी देशको विकासबारे कुरा गर्दै हिँडिरहेका थियौँ । त्यसै क्रममा मेरा एक मित्रले खिन्न भावले भने, 'खै, के विकासको कुरा गर्नू ! केही नगर्दा पनि हामीलाई अख्तियारले बयान दिन बोलाएको छ ।' कुरा के रहेछ भनेर मैले चासो दिएँ । उनको घरअगाडिको सडकमा खाल्डो परेकाले मर्मत गर्ने क्रममा उपभोक्ता समिति बनाउनुपर्ने भएछ । उनलाई पनि समितिमा बस्न भनियो र उनी बसे । पाँचवटा बाटो मर्मतका लागि सबै उपभोक्ता समितिबाट एक वा दुईजना मिलाएर एउटै समिति बनेको थियो, उनी त्यसैमा सदस्य थिए । समितिका नाममा बैङ्क खाता खोलियो । 'ठेक्का कसले लिएको, कतिमा लिएको, काम के के गर्ने हो ? त्यसको विस्तृत विवरण पालिकाले हामीलाई केही दिएको थिएन । सबै पालिकाको प्राविधिकलाई मात्र थाहा थियो,' उनी भन्छन्, 'हामीलाई यति मात्र भनिएको थियो - पाँचवटा बाटोका लागि अन्दाजी ७० लाख स्वीकृत भएको छ । उपभोक्ताहरूले तिर्नुपर्ने २० प्रतिशत पनि तिर्नुपर्दैन, ठेकदारले नै मिलाएर बाटो बनाइदिन्छ । पैसा तिर्नुपर्दैन भनेर हामी पनि दङ्ग भयौँ ।' पालिकाका मान्छेले उनीहरूलाई भनेका रहेछन् - तपाईंहरूले केवल ठेकदारसँग सम्झौता गरिदिनू । करिब ७० लाखमा पाँचवटा बाटो मर्मत गर्न भनेर पालिकाले पठाएको ठेकदारसँग सम्झौता भयो । केही दिनमा पालिकाले उपभोक्ता समितिको खातामा रकम हालिदियो । काम सुरु गर्नका लागि ठेकदारले पेस्की माग गरे । समितिले चेक काटेर करिब आधा रकम पेस्की दियो । एक वर्ष बित्दा पनि उनको घर अघिको बाटो मर्मत भएन । यो बिचमा तीनवटा सडकको केही काम भएको थियो । दुईवटा सडक भनै छोएकै थिइएन । अर्को वर्ष पालिकाले सम्झौता गरे बमोजिम केही थप रकम दियो । त्यसपछि उनको घरको अगाडि पनि मर्मतको काम सुरु भयो । त्यहाँको सडकको चौडाइ कहीँ चार मिटर, कहीँ पाँच मिटर त कहीँ तीन मिटर पनि छ । जस्तो चौडाइ छ, त्यही हिसाबले पुरानो पिचमाथि अलिकति अलकत्रा र गिटी थपेर बाटो मर्मत गरियो, बाटो कालो र चिल्लो देखियो । बाटो मर्मतको काम सकिएपछि पालिकाबाट प्राविधिकहरू नापजाँच गर्न आए । नापजाँचको के रिपोर्ट आयो भन्ने उपभोक्ता समितिलाई थाहा थिएन । काम सकिएकाले बाँकी पैसा लिन ठेकदार आए । समितिले चेक काटेर दियो । उपभोक्ता समिति छ, जनप्रतिनिधि छन्, कर्मचारी छन् तर चार सय मिटर सडक मर्मत गरेर ६ सय मिटरको बिल बनाउने र त्यो बिल स्वीकृत हुने ! अचम्मको भ्रष्टाचार छ । यो अवस्थामा हामीले सुशासनको कुरा गरिरहेका छौँ । त्यसको ६ महिनापछि अख्तियार अनुसन्धानको टोली बाटो नापजाँच गर्न आयो । समितिका मान्छेलाई पनि बोलाइयो । अख्तियारमा बेनामी उजुरी परेको रहेछ । अख्तियार बाट आउनेहरूले सोधे, '४२० मिटर लम्बाइको बाटोमा ६०० मिटर लम्बाइ मर्मत गरेको भनेर किन ठेकदारलाई पैसा दिएको ? त्यसमाथि कतै तीन मिटर, कतै चार मिटर त कहीँ कहीँ पाँच मिटर चौडाइ भएको सडकलाई किन सबै ठाउँमा पाँच मिटर चौडाइको हिसाब गरेर पैसा दिएको ?' यस्ता प्रश्नले समितिका सदस्यहरू अक न बक्क भए । उनीहरूले भने -हामीले बाटो नापेको पनि होइन, पालिकाका प्राविधिकहरूले स्टिमेट तयार गरेर बजेट स्वीकृत भएको हो । काम सकिएपछि पनि प्राविधिकले नापेर पालिकामा के प्रतिवेदन दिए हामीलाई थाहा भएन । कति लम्बाइ, कति



> उपभोक्ता समिति छ, जनप्रतिनिधि छन्, कर्मचारी छन् तर चार सय मिटर सडक मर्मत गरेर ६ सय मिटरको बिल बनाउने र त्यो बिल स्वीकृत हुने ! अचम्मको भ्रष्टाचार छ । यो अवस्थामा हामीले सुशासनको कुरा गरिरहेका छौँ ।



सञ्जीव पौडेल

चौडाइको बाटोको स्टिमेट हो ? कति भुक्तानी दिनुपर्ने हो ? कस्तो गुणस्तर थियो ? हामीलाई केही थाहा छैन । यति काम भयो भनेर हामीले कुनै कागजमा सही गरेका छैनौँ । सबै कुरा पालिकालई सोध्नू । 'त्यसपछि अख्तियारबाट अरू पत्र पनि आएको छैन । कसकसलाई के के कारबाही गऱ्यो ? त्यो पनि थाहा छैन,' ती मित्र भन्छन् । मित्रको यति कुरा सुनेपछि मेरो मनमा प्रश्न आयो- हाम्रो विकासको मोडल कस्तो हो ? अनि हाम्रो काम गर्ने तरिका, कर्मचारी र ठेकदारको मिलेमतो, सरोकारवालाको बेवास्ता, ऐन-कानुन छल्ने-छलाउने तरिका देखेर दिक्क लाग्यो । उपभोक्ता समिति छ, जनप्रतिनिधि छन्, कर्मचारी छन् तर चार सय मिटर सडक मर्मत गरेर ६ सय मिटरको बिल बनाउने र त्यो बिल स्वीकृत हुने ! अचम्मको भ्रष्टाचार छ । यो अवस्थामा हामीले सुशासनको कुरा गरिरहेका छौँ । नेपाली बृहत् शब्दकोशले सुशासनको अर्थ दिएको छ -'उत्तम किसिमको शासन, कल्याणकारी शासन व्यवस्था, असल राज्य व्यवस्था' । स्वतन्त्र विश्वकोश विकिपिडियाका अनुसार 'सुशासन भन्नाले राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसारको सेवा प्रदान गर्नु हो । संयुक्त राष्ट्र सङ्घले 'पारदर्शिता, जनसहभागिता, विधिको शासन, समता र समावेशिता, उत्तरदायित्व र जवाफदेहिता' आदिलाई सुशासनको तत्वका रूपमा उल्लेख गरेको पाइन्छ । सुशासनको नीतिका लागि हाम्रो संविधानको धारा ५१(ख) को ४ ले बोलेको छ, 'सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने' । हामीसँग सुशासनसँग सम्बन्धित केही कानुन पनि छन् (सुशासन -व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियामावली २०६५, सार्वजनिक खरिद ऐन २०६३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ आदि । सुशासनका लागि संवैधानिक व्यवस्थादेखि विभिन्न ऐन, नियम, कार्यविधि छन् । यिनको पालना नभए हेर्ने संवैधानिक निकाय अख्तियार आयोग छ, यद्यपि तलदेखि माथिसम्म कुनै न कुनै रुपमा भ्रष्टाचार भइरहेकै देखिन्छन् । महालेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदन अनुसार झन्डै १२ खर्ब बेरुजु देखिएको छ । आव ०७९/८० मा मात्रै झन्डै एक खर्ब बेरुजु थपिएको छ । योमध्ये झन्डै २५ प्रतिशत बेरुजु असुलउपर नै गर्नुपर्ने भनिएको छ । देशको एक वर्षको वार्षिक बजेट बराबरकै रकम बेरुजु भएर थुप्रिनुमा सुशासनको कमजोरी पनि प्रमुख कारण हो । सुशासनको कुरा गर्दा माथि आएको घटना उदाहरण मात्रै हो । मिहीन ढंगले अनुगमन गर्ने हो भने कामको गुणस्तरमा कति भ्रष्टाचार भएको होला ? यसै भन्न सकिँदैन । गुणस्तरको कुरा गर्दा ल्याब टेस्ट प्रतिवेदन मागिन्छ । ल्याब टेस्ट गर्ने कम्पनीहरूले सरकारबाट स्वीकृति पाएका हुन्छन् । तिनीहरूले बाटो बनेको ठाउँसम्म नपुगी ठेकदारले मागे अनुसारको ल्याब टेस्ट प्रतिवेदन तयार पारिदिन्छन् रे । त्यसैका आधारमा कामको गुणस्तर मूल्याङ्कन हुने गर्छ । गुणस्तरहीन काम भएका बारेमा धेरै पत्रपत्रिकामा समाचार आउँछ तर जिम्मेवार बन्ने को ? सरकारी संघसंस्थामा श्रम ऐनका नाममा दलैपिच्छेका कर्मचारी युनियन छन् । तर उनीहरू संस्थाको काममा भन्दा राजनीतिमा बढी केन्द्रित देखिन्छन् । युनियनको नाममा पेसागत हकहित, संस्थाप्रति उत्तरदायीभन्दा अराजकतातिर गएको हो कि भन्ने देखिएको छ । 'त्यसपछि अख्तियारबाट अरू पत्र पनि आएको छैन । कसकसलाई के के कारबाही गऱ्यो ? त्यो पनि थाहा छैन,' ती मित्र भन्छन् । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को प्रस्तावनामा उल्लेख छ, 'मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्न... ।' ऐनको यस्तो भावना र मर्मअनुसार कहिले सुशासन पाउला देशले ? आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ दफा ५३ उपदफा (१) मा उल्लेख छ, 'सार्वजनिक जवाफदेही पद धारणा गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोबार वा निज आफैँले गरेको कारोबारका सम्बन्धमा यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित व्यक्ति जिम्मेवार हुनेछ ।' हामीकहाँ यस ऐनको इमानदार कार्यान्वयन कहिले होला ? हामीकहाँ हुने भ्रष्टाचारलाई लिएर यी र यस्ता थुप्रै प्रश्न छन् । त्यसैले जनतामा निराशा व्याप्त छ । देशमा अवसर नदेखेर युवा बाहिरिने क्रम बढ्दो छ । अध्यागमन विभागका अनुसार नेपालबाट सन् २०२३ मा झन्डै १६ लाखभन्दा माथि नेपाली बिदेसिएका छन् । त्यसमध्ये आठ लाखभन्दा बढी नेपाली रोजगारीका लागि गएका र बाँकी अध्ययन, घुम्न र स्थायी बसोबास गर्ने गरी बाहिरिएका छन् । भारतमा रोजगारीमा गएका र भारतको बाटो गरी अन्य देश गएकाहरूको कुनै तथ्याङ्क छैन । यसरी लाखौँ नेपाली बाहिरिनुमा कतै न कतै रोजगारीको अभाव, शैक्षिक वातावरण नहुनु, सार्वजनिक सेवा प्रभावकारी नहुनु र हरेक क्षेत्रमा सुशासन कमजोर हुनु पनि एउटा प्रमुख कारण हो । (लेखक कृषि विकास a}sf ;~r fns xg\._ -रातोपाटी

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।


पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# देशभर मौसम बदली : ५६ जिल्ला उच्च जोखिममा

• नमस्ते समचारदाता

काठमाडौं, असोज/०९

नेपालमा बिहीबारदेखि चार दिन लगातार देशभर मौसम बदली हुने भएको छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले बुधबार अपराह्न विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै उक्त बदलीपछि पर्ने वर्षाका कारण ५६ जिल्ला उच्च जोखिममा रहेका जनाएको छ। महाशाखाका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ। बङ्गालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावा साथै त्यस क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको प्रभावको कारण २०८१ असोज १० गते बिहीबार दिउँसोदेखि असोज १३ (आइतबार) सम्म देशभर साधारणतयादेखि पूर्णतया बदली रही अधिकांश स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षा तथा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थानहरू तथा मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ', महाशाखाले भनेको छ। साथै देशका तराई भू-भागका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको जनाइएको छ। साथै गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरू तथा कोशी प्रदेश, बागमती प्रदेश, मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा अति भारी वर्षाको पनि सम्भावना रहेको छ। असोज १० गते बिहीबार दिउँसोदेखि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका थोरै स्थानहरू तथा मधेस प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ। साथै देशका तर ाई भू(भागका केही स्थानमा हावाहुरीको समेत सम्भावना रहेको छ। असोज ११ गते(शुक्रबार)देखि देशभर साधारणतयादेखि पूर्णतया बदली




रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बागमती प्रदेशका, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानमा तथा मधेस प्रदेशका थोरै मेघ गर्जन/चट्याङ्गसहित भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ। साथै देशका तराई भू-भागका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको जनाइएको छ। साथै गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङसहित अति भारी वर्षाको समेत सम्भावना रहेको छ। असोज १२ गते (शनिबार) देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशका अधिकांश स्थानहरू हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र बागमती प्रदेशका, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरू र बाँकी प्रदेशका थोरै स्थानहरूमा मेघ गर्जन/चट्याङ्ग सहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ। साथै देशका लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ। असोज १३ गते (आइतबार) देशभर आंशिकदेखि साधारणतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित भारी वर्षाको सम्भावना रहेको जनाइएको छ। यस प्रणालीको प्रभावले विशेषगरी वर्षाको कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको जनाइएको छ। यस्तै महाशाखाले ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउनुहुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरेका छ। बालीनालीमा क्षति गर्ने भएकाले विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ।

**यी जिल्ला उच्च जोखिममा**

महाशाखाका अनुसार विभिन्न ५३ जिल्लालाई रेड जोनमा राखेको छ। ती जिल्ला उच्च जोखिममा रहेको भन्दै विभागले विशेष बुलेटिन मार्फत सावधानी अपनाउन अनुरोध गरेको छ। महाशाखाका अनुसार कोशी प्रदेशका झापा, सुनसरी, धनकुटा, तेह्रथुम, खोटाङ, ओखलढुङ्गा, उदयपुर, भोजपुर, इलाम, पाँचथर, मोरङलाई उच्च जोखिममा राखिएको छ। यस्तै बागमतीका मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप उच्च जोखिममा छन्। गण्डकी प्रदेशको म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की, पर्वत, लमजुङ, गोरखा र मनाङ जिल्ला जोखिममा छन्। यस्तै लुम्बिनीका जाजरकोट, रुकुमपश्चिम, दैलेख, सुर्खेत, सल्यान तथा सुदुर पश्चिमको डोटी, कैलाली र अछाम जिल्ला उच्च जोखिममा रहेको जनाइएको छ।

## बाँकेमा...

नेपालगञ्ज क्षेत्रमा रहेका खसी ब्यापारी बिभिन्न १७ सहकारीका अध्यक्ष तथा प्रबन्धक, सेवा नेपालका अधिकृत, हेफर ईन्टरनेशनलका प्रबन्धक लगाएत प्रत्यक्ष किसान र वजारसंग टच रहेका ब्यक्तिहरुले बोकाको समेत मुल्य निर्धारण गरेका छन। उनीहरुले बोका प्रति केजि ५१० रुपैयाँ मुल्य कायम गरेको सेवा नेपालका अधिकृत गोपी पुडासैनी बताउँछन्। बाँकेको राप्तीसोनारी,नरैनापुर क्षेत्रबाट ल्याएका खसिवाखा विक्रि वितरण गर्दा भारतवाट ल्याईएको आशंका गरिने भएकाले काठमाण्डौ, पोखरा सम्म लगेर बिक्रि वितरण गर्न असहज भएको भन्दै ब्यापारी निजमुद्धिनले नेपाली उत्पादनको विक्रि वितरणलाई सहज निति अख्तियारी गरिनुपर्नेमा जोड दिएका छन।

# निगमले नेपालगञ्जबाट पनि अन्तर्राष्ट्रिय उडानका टिकट बिक्री गर्ने

• नमस्ते समचारदाता

नेपालगन्ज, असोज/०९

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले विराटनगर, पोखरा र नेपालगञ्जबाट पनि अन्तर्राष्ट्रिय उडानका टिकट बिक्री गर्ने भएको छ। निगमले नजिकिएको बडादसैं, तिहार तथा छठ पर्वजस्ता चाडपर्वको समयमा यात्रुको सहजताका लागि ती स्थानबाट टिकट बिक्रीको व्यवस्था मिलाएको हो। निगमले अन्तर्राष्ट्रिय उडानका लागि काठमाडौंबाहिर भैरहवास्थित निगमको कार्यालयबाट मात्र टिकट बिक्री गर्दै आइरहेको थियो। निगमका प्रवक्ता रमेश पौडेलका अनुसार चाडपर्व पश्चात् पनि विराटनगर, पोखरा र नेपालगञ्ज कार्यालयबाट टिकट वितरण गर्नेगरी व्यवस्थामिलाउने छ। उक्त व्यवस्थापनका लागि निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले सम्बन्धित विभागीय प्रमुखलाई निर्देशन दिएका छन्। 'आगामी बडादसैं, तिहार तथा छठ पर्वजस्ता चाडपर्वको समयमा र सो पश्चात् समेत निरन्तर रहने गरी नेपाल वायुसेवा निगमका उडानहरुबाट यात्रा गर्न सहज रुपमा टिकट प्राप्त होस् भनी निगमका विराटनगर, पोखरा र नेपालगञ्ज स्थित कार्यालयहरुबाट बिक्री गर्ने व्यवस्था मिलाउन र यसलाई प्रभावकारी रुपमा लागू गर्न निर्देशन दिइएको छ' विज्ञप्तिमा भनिएको छ। साथै, यात्रुहरुले आफ्नो मोबाइलबाट वा निगमको 'वेब-साइट'बाट 'अनलाइन टिकट' लिन सकिने व्यवस्था रहेकामा स्थानीय ठाउँबाट समेत सेवा दिँदा सेवाग्राहीले अझ प्रभावकारी ढङ्गले टिकेटिङको सेवा लिने निगमको विश्वास छ।




# रोल्पामा चट्याङबाट महिलाको मृत्यु

• नमस्ते समचारदाता

रोल्पा, असोज/०९

पश्चिमी रोल्पाको त्रिवेणी गाउँपालिका-५ जुगार हान्जाबाङ्मा चट्याङ पर्दा मंगलबार एक महिलाको मृत्यु भएको छ। प्रहरीका अनुसार मंगलबार दिउँसो डेढ बजेतिर हान्जाबाङस्थित स्थानीय डन्डकली डाँगीको घरमा चट्याङ पर्दा पाहुना आएकी स्थानीय चन्द्रलाल वलीकी श्रीमती ४२ वर्षीया चन्द्रकली वलीको मृत्यु भएको हो। घटनापछि जुगार नेर्पास्थित प्रहरी चौकीबाट प्रहरी नायब निरीक्षक दिवस हिताङको नेतृत्वमा प्रहरी टोली उद्धारका लागि घटनास्थलमा पुगेको थियो। घटनाबारे थप अनुसन्धान गर्न होलेरीस्थित ईलाका प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सरोज प्रजापतिको नेतृत्वमा प्रहरी टोली खटिएको थियो। शव पोस्टमार्टमका लागि लिवाङ रेउघास्थित रोल्पा अस्पतालमा पुऱ्याइएको छ। रोल्पा सदरमुकाम लिवाङदेखि घटनास्थल करिब ५० किलोमिटर पश्चिममा पर्छ। यसैबीच चट्याङले पूर्वी रोल्पाको इलाका प्रहरी चौकी खुंग्रीको संचार साधनमा पनि क्षति पुगेको छ। मंगलबार बेलुकी चट्याङ पर्दा चौकीमा प्रयोग गरिएको बेस सेटमा पनि क्षति पुगेको छ।



# सिमकोटमा हवाई सेवा अवरुद्ध

• नमस्ते समचारदाता

हुम्ला, असोज/०९

खराब मौसमका कारण बुधवार हिमाली जिल्ला हुम्लाको हवाई सेवा अबरुद्ध भएको छ। विहानैबाट सिमकोट प्रवेश गर्न मार्ग खराव हुनु र पछि हावाको चाप बढेपछि हवाई सेवा अवरुद्ध भएको हो। सिमकोट विमानस्थल प्रमुख महेन्द्रबहादुर सिंहले औपचारिक रुपमा सडक सञ्जाल नजोडिएको हुम्ला जिल्लाको हवाई सेवा अबरुद्ध भएको जानकारी दिए। बिहान मौसम खराव र दिउसो बिमानस्थल क्षेत्रमा हावाको चाप बढेको कारण हवाई सेवा अबरुद्ध भएको हो। एक तिर जहाजहरुले कम उडान भरि रहेको बेला खराव मौसमको कारण हवाई सेवा नै अवरुद्ध भएको हो। बुधबार सीता एयरको जहाजले नपालगंजबाट सिमकोटका लागि दुई उडान भर्ने तालिका रहेको थियो। खराव मौसमको कारण दुवै उडान अबरुद्ध भएका छन्। यसबाट बिहान छ वजे नेपालगञ्ज बिमानस्थलमा छिरेका यात्रु उड्न नपाएपछि निरास भएर फर्किएका थिए भने सिमकोट विमान स्थलबाट नेपालगंज झर्ने यात्रुहरुको हालत पनि यस्तै थियो। नेपाल एयरलाईन्स र तारा एयर काठमाडौं फर्किएको र समिट एयर बुधबार बिहान काठमाडौं फर्केको छ।



जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

ताँजाकोट गाउँपालिका
हुम्ला

# खेर गएको स्याउका विभिन्न परिकार बनाउँदै मुगुका कृषक



• नमस्ते समचारदाता
मुगु, असोज/०९

मुगुका कृषक खेर गएको स्याउबाट विभिन्न परिकार बनाएर सदुपयोग गर्न थालेका छन् । स्याउ उत्पादनका लागि निकै सुहाउँदो हावापानी भएको जिल्लामा पछिल्लो समयमा गाउँगाउँमा सडक सञ्जाल जोडिएपछि मुगुका कृषकहरू खेर गएको स्याउबाट विभिन्न परिकार बनाउन थालेका हुन् । उत्पादन गरेका ठूला राम्रा स्याउ खेर जान थालेपछि कृषकहरू मारमा परेका थिए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वन एकाइबाट पोष्ट हार्भेष्ट तथा फलफूल प्रशोधन तालिम पाएपछि खेर जाने स्याउबाट विभिन्न प्रकारका वस्तुहरू बनाउन थालेका हुन् । लामो समयदेखि स्याउ खेती गरी राम्रो ठूला दाना भएको स्याउ बगैँचाबाट बिक्री हुने गरेको थियो । साना दाना लागेका स्याउहरू केही बगैँचाबाटै खेर जाने र केही घरमा ल्याएर गाई-भैसीलाई खुवाएर खेर जाने गरेको स्थानीय जसबहादुर बुढाले बताए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले खेर जाने स्याउ लगायत अन्य फलफूलहरुको सदुपयोग गर्नका लागि पोष्ट हार्भेष्ट तथा फलफूल प्रशोधन तालिम दिएपछि अहिले खेर जाने स्याउ तथा अन्य फलफूलबाट जान, जेली, साइटर, जुस, चाना, भुजा बनाएर सिप सिकेर यो वर्ष धैरै खेर गएका स्याउ तथा अन्य फलफूलहरू राम्रो आम्दानीको स्रोत बन्नुका साथै धेरै जनाले रोजगारी पाएको छायाँनाथ रारा नगरपालिका वडा नम्बर ५ का स्याउ कृषक बुढाले बताए । मुगुमा विगत लामो समयदेखि कृषकहरूले स्याउ खेती गर्दै आइरहेको भए पनि पछिल्लो समयमा सडक सञ्जालको राम्रो पहुँच पुग्दा व्यापारीहरू कृषकको बगैँचामा आएर राम्रो एबी ग्रेड स्याउ खरिद गरी लिनेगरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रमुख तेज विक्रम मल्लले बताए । सी, डी ग्रेडका स्याउ बिक्री नभएर खेर जाने कृषकको व्यापक गुनासो अनुसार आम्दानीको स्रोत बनाउनका लागि कार्यालयको वार्षिक कार्यक्रम अनुसार पोष्ट हार्भेष्ट तथा फलफूल प्रशोधनले तालिम दिएपछि कृषकहरूको थप आम्दानी बढ्नुका साथै यो वर्ष १८ जना कृषकहरूलाई जाम, जुस, जेली, साइटर र चाना बनाउने सीप सिकाइएको छ ।

# शुभकालिकाको एक वर्षको बेरुजु छ करोड ७२ लाख

• नमस्ते समचारदाता
कालीकोट, असोज/०९



कालीकोट जिल्लाको शुभकालिका गाउँपालिकाले एक वर्षमा छ करोड बेरुजु निकालेको पाइएको छ । आर्थिक वर्ष २०७९/०८० मा छ करोड ७२ लाख ६८ हजार बेरुजु निकालेको पाइएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको लेखा परीक्षण प्रतिवेदनमा उक्त बेरुजु कायम भएको उल्लेख छ । एक आर्थिक वर्षमा शुभकालिकाले ५३ लाख १४ हजार रकम असुल उपर गर्नु पर्ने उल्लेख छ । ९५ लाख ३० हजारको कागजपत्र पेस गर्नु पर्ने छ भने नियमित गर्नु पर्ने पाँच करोड १७ लाख ६९ हजार रहेको छ । यस्तै पेस्की बाँकी छ लाख ५५ हजार रहेको महालेखा परीक्षकको कार्यालयले प्रतिवेदनमा उल्लेख गरेको छ । गत वर्षको ११ करोड ७ लाख २१ हजार सहित शुभकालिकाको जम्मा बेरुजु रकम १७ करोड ७९ लाख ८९ हजार रहेको छ । शुभकालिका गाउँपालिकालाई ५३ लाख १४ हजार रकम भुक्तानी भइसकेको असुल उपर गर्नु पर्ने चुनौती थपिएको छ । गाउँपालिकाका सूचना अधिकारी नवराज चौलागाई, कर्मचारी तीलबहादुर शाही र रेशम शाहीबाट ५१ हजार ४८० रुपियाँ असुल उपर गर्न भनेको छ । महालेखा परीक्षकको कार्यालयले विभिन्न कर्मचारी र पसलमा भुक्तानी भएको ५७ हजार १८६ रुपियाँ पनि असुल गर्न भनेको छ । तत्कालीन शुभकालिका एफ एम रेडियोका स्टेसन म्यानेजर विरेन्द आचार्यबाट एक लाख २१ हजार र स्वावलम्बन कृषि सहकारीका अध्यक्ष जयबहादुर महतराबाट ४८ हजार गरेर जम्मा जम्मा एक लाख ६९ हजार रुपियाँ असुल उपर गर्न भनेको छ । यिनीहरूले भ्रमण खर्च बापत रकम खर्च गरेकाले जिम्मेवार बनाउँदै असुल उपर गर्न भनेको छ । गाउँपालिकाकै पशु भेट्नरी शाखाका कर्मचारी प्रकाश विकबाट १५ हजार तीन सय असुल उपर गर्न महालेखाले लेखेको छ । पोषणमैत्री गाउँपालिका घोषणा गर्दा ६९ हजार ८९ रुपियाँ बढी भुक्तानी भएकाले तत्काल उक्त र कम असुल उपर गर्न भनिएको छ । गाउँपालिकाले होचुवाको तालमा भुक्तानी दिएकाले यस्ता कार्य आगामी दिनमा रोक्न पनि सुझाव दिएको छ । गाउँपालिकाका एक जना कर्मचारीले विभिन्न समयमा भ्रमण गरेको भनी बिल भरपाई राखेर भुक्तानी लिएको रकम रु ७६ हजार ९६ हजार रुपियाँ असुल उपर गर्न भनेको छ । ती कर्मचारीले प्लेन चढेको बिल हालेपनि वोडिङ पास नभएको र टिकेटको मिति पनि फरक परेकाले सबै मिलाएको उल्लेख छ । कालीका स्वावलम्बन कृषि सहकारी संस्थासँग पालिकाले साझेदार गरेको रकममा ९५ हजार बढी भुक्तानी भएकाले उक्त रकम पनि असुल उपर गर्न भनेको छ । गाउँपालिकाले पोषण संवेदनशील कार्यक्रममा पनि तीन लाख खर्च गरेको हुँदा उक्त रकम पनि पालिकाको खातामा असुल उपर गर्न निर्देशन गरेको छ । गाउँपालिकाले होचुवाको भरमा भुक्तानी दिने गरेको छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, नयाँरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# सुधारगृहको रुपमा विकास हुँदै गुल्मी कारागार

• नमस्ते समचारदाता
गुल्मी, असोज/०९




कारागार कार्यालय गुल्मीलाई सुधारगृहको रुपमा विकास गर्न थालिएको छ । कारागारलाई बन्दीगृह मात्र नभएर विभिन्न अपराधमा कैद भुक्तान गरिरहेका व्यक्तिलाई सिप सिकाएर आय-आर्जनमा जोड्ने गरी कारागारलाई सुधारगृहका रुपमा विकास गर्न थालिएको हो । कारागारमा रहेका कैदीबन्दीलाई उद्यम र सीपमूलक कार्यहरुसँग जोड्दै सुधारगृहका रुपमा विकास गर्नका लागि विभिन्न प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो । यस कारागारमा रहेका कैदीबन्दीको सिपलाई प्रयोग गरी उनीहरुलाई श्रमसँग जोड्न नयाँ अभ्यासको थालनी हुँदै आएको छ । पछिल्लो पटक प्रमुख जिल्ला अधिकारी शर्माको सक्रियतामा कैद जीवन बिताइरहेका कैदीबन्दीले सहज रुपमा पुस्तक अध्ययन गर्न पाउन् भन्ने उद्देश्यसहित पुस्तक र्‍याक निर्माण गरी पुस्तकको समेत व्यवस्था गरिएको छ । उद्यमशीलतामा व्यस्त रहे पनि लेख्न, पढ्न चाहना भएका कैदीबन्दीको लागि अध्ययनसँगै सोचाइमा परिवर्तन ल्याउनका लागि पुस्तक प्रदान गरिएको छ । सीप विकासका लागि विभिन्न प्रकारका काठका सामानको उत्पादन र बिक्री वितरणको व्यवस्था मिलाइएको छ । यस कारागार कार्यालयमा विगत १८ वर्षदेखि बाँसबाट बनाइने मुढा बुन्ने गरिए पनि हाल फर्निचरसँगै ढाकासम्बन्धी कपडा बुन्ने उद्योग सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । कैदीबन्दी उद्यमसँग जोडिएसँगै आय-आर्जन गर्न थालेका छन् । यसभित्रको उत्पादन र कार्य देख्दा त्यो कारागार नभई, विभिन्न उपभोग्य वस्तु उत्पादन गर्ने कारखाना हो भन्ने अनुभूति देख्न सकिने प्रमुख जिल्ला अधिकारी शर्माले बताए । कारगारको भित्री तथा बाहिरी भाग र कोठाहरुमा रङरोगन, कार्पेटिङ तथा ढलान गरी सहज बनाइएको छ । यहाँ भान्सा कोठाको विस्तार एवम् मर्मत सम्भार, राइस कुकर, विद्युतीय चुलोको व्यवस्थापन शौचालय मर्मतसम्भार एवम् विस्तार गरिएको छ । कारागारमा पुरुष तथा महिला कैदीबन्दीको सुताइलाई व्यवस्थित गर्न डबल टेकर खाटको व्यवस्था गरिएको छ । विद्युतीय गिजर, रेफ्रिजेरेटर टिभीको व्यवस्था गरिएको उनको भनाइ छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके